भारतीय राजदूतावास

काठमाडौं

**<u>प्रेस विज्ञप्ति</u>**

बाजुरा जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिकास्थित मुक्तिकोटमा खाद्यान्न सङ्कलन तथा वितरण केन्द्रको लागि कृषि प्रवर्द्धन केन्द्रको भवन निर्माणको शिलान्यास

बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकास्थित मुक्तिकोटमा खाद्यान्न सङ्कलन तथा वितरण केन्द्रको लागि कृषि प्रवर्द्धन केन्द्रको भवन निर्माण हेतु आज स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष श्री भरत बहादुर रोकाया र काठमाडौँस्थित भारतीय राजदूतावासका काउन्सिलर श्री अविनाश कुमार सिंहले संयुक्त रुपमा शिलान्यास गर्नुभयो । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी र समुदायका सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।

२. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको आर्थिक सहयोग नेरु. ३.१४१ करोड लागतमा सो कृषि प्रवर्द्धन केन्द्रको भवन निर्माण हुँदैछ ।

३. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको अनुदान सहयोग वितरण डेस्क, रेकर्ड रुम र अन्य सहयोगी संरचना सहितको अन्न भण्डारण र वितरणका लागि आवश्यक भवनको निर्माणमा उपयोग गरिनेछ । यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो र स्वामीकार्तिक खापर गाउँपालिका, बाजुरामार्फत कार्यान्वयन गरिनेछ ।

४. बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष; राजनीतिक प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुले नेपाली जनताको लागि भारत सरकारले गरिरहेको विकास सहयोगको प्रशंसा गर्नुभयो । वहाँहरुले निर्माण भइरहेको पूर्वाधारले यातायात र सञ्चार पूर्वाधार सीमित रहेको हिमाली क्षेत्रमा कृषि उत्पादनहरुको उचित सङ्कलन र भण्डारण सुनिश्चित गर्न मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो । यसका साथै नयाँ पूर्वाधारले लामो समयसम्म खाद्य वस्तुहरुको भण्डारण गर्न सक्षम बनाउनेछ जसले गर्दा यस क्षेत्रको खाद्य सुरक्षामा योगदान पुग्नेछ ।

५. सन् २००३ यता भारत सरकारले नेपालमा विभिन्न क्षेत्रहरुमा ५७३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेको र ४९५ परियोजनाहरु सम्पन्न गरिसकेको छ । यी मध्ये बाजुरामा रहेका २ वटा परियोजनाहरु सहित सुदूरपश्चिम प्रदेशमा ४३ वटा परियोजनाहरु रहेका छन् । यसका अलावा भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थाहरुलाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कुल बस उपहार स्वरुप प्रदान गरेको छ । यी मध्ये सुदूरपश्चिम प्रदेशमा ७० वटा एम्बुलेन्स र २७ वटा स्कुल बस उपहार स्वरुप प्रदान गरिएको छ । यी मध्ये, बाजुरामा ३ वटा एम्बुलेन्स र एउटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ ।

६. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

काठमाडौं, नेपाल

२०८२ जेठ १४